नेपाल सरकार

गृह मन्त्रालय

सशस्त्र प्रहरी बल, नेपाल

नेपाल ए.पी.एफ.अस्पताल, बलम्बु काठमाण्डौ

राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं.APFH/NCB/R/01/2083/084

सूचना प्रकाशित मिति २०८३/०७/१३ गते ।

१. नेपाल ए.पी.एफ.अस्पताल, बलम्बु काठमाण्डौमा उपचारार्थ बेड भर्ना हुने बिरामीहरुका लागि २०८३ माघ १ गते देखी २०८४ पौष मसान्त सम्म वर्ष १ को लागि बिरामी डाईट राशन राष्ट्रियस्तरको सिलबन्दी बोलपत्रको माध्यमबाट एक खाम प्रणालि अवलम्बन गरी आपूर्ति व्यवस्था गर्नु पर्ने भएकोले राशन आपूर्ती सम्बन्धी व्यवसाय गर्न सम्बन्धीत निकायबाट ईजाजत प्राप्त ईच्छुक नेपाली बोलपत्रदाताहरुलाई बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

२. खरिद गरिने बिरामी डाईट राशनको किसिम तथा परिमाण बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

३. बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपूर्तीकर्ताले राष्ट्रिय बाणिज्य बैंक लि. शाखा कार्यालय टेकुमा रहेको यस अस्पतालको राजश्व खाता नं.: १०००१००२०००१०००० , कार्यालय कोड नं. ३१४०५३५०१, राजश्व शिर्षक नं.:१४२२९ मा दस्तुर रु.३०००।- फिर्ता नहुने गरी नगदै जम्मा गरेको बैंक भौचर, लिखित आवेदन र आवश्यक कागजात सहित नेपाल ए.पी.एफ. अस्पताल बलम्बु, काठमाण्डौ र कोष तथा लेखा नियन्त्रक कार्यालय टेकु, काठमाण्डौबाट मिति २०८३/०८/०३ गते कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

४. प्रि-बिड मिटिङ्ग मिति २०८३/०७/२० गते १३:०० बजे यस अस्पतालमा संचालन हुने छ ।

५. बोलपत्रसाथ राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय टेकु, काठमाण्डौ स्थित धरौटी खाता नं.१७००१००१०२०३०००० यस कार्यालयको कोड नं.:३१४०५३५०१ मा रु.४,५४,०००।- नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ । बोलपत्र जमानतको मान्य अवधि : मिति २०८३-१२-०५ गते / ई.सं. 19 March 2027 सम्म हुनु पर्ने छ ।

६. बोलपत्र फाराम दाखिला गर्ने अन्तिम मिति २०८३/०८/०४ गते १२:०० बजे र खोलुवा ऐ. मितिको १३:०० बजे ।

७. रितपूर्वक दाखिला भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस अस्पतालमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निर्धारित मितिमा कारणबस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

९. बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातको खण्ड ९ (ख.१-ख.८) को मूल्यसूची तालिकामा उल्लेखित यस अस्पतालमा बेड भर्ना भई उपचाररत बिरामीहरुको रोगको प्रकृति अनुसार प्रति दिन बिरामी डाईट राशन आईटमवाईज तोकिएको इकाईमा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएमा बोलपत्रदाताको सहिछाप भएको हुनु पर्नेछ ।

१०. बोलपत्र सम्बन्धी कागजातको खण्ड ८ अनूसुची-१ बिरामी डाईट राशनको आवश्यकता सम्बन्धी तालिकामा उल्लेख भए बमोजिम बिरामी डाईट राशन स्केल ऐ खण्डको अनूसुची-२ मा उल्लेख भए बमोजिमको मेनु अनुसार बिरामी डाईट राशन आपूर्ति गरि खुवाउनु पर्नेछ ।

११.म्याद नाघि आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाईने छैन ।

१३. बिरामी डाईट राशन आपूर्ती गर्ने करार अवधि भित्र कुनै किसिमको मूल्य वृद्धि दिईने छैन ।

१४. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१६. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा बोलपत्र सम्बन्धी कागजात हेर्नु परेमा यस कार्यालयको सम्पर्क नं. ०१-४३१५२२४ मा सम्पर्क गर्न सकिने छ ।